मितिः- २०८१।०८।२१ गते

स्थानः- कालिगण्डकी गाउँपालिकाको कार्यालय सभा कक्ष, गुल्मी ।

समयः- विहान १०:३० बजे

कालिगण्डकी गाउँपालिकाका अध्यक्ष **श्री वेद बहादुर थापा** ज्यूको अध्यक्षतामा बसेको कार्यपालिकाको बैठकको उपस्थिति र निर्णयहरु ।

| क्र.स. | पद | नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १. | अध्यक्ष | श्री वेद बहादुर थापा | [signature] |
| २. | उपाध्यक्ष | श्री मन्जु कुमारी दर्लामी | [signature] |
| ३. | १.नं. वडा अध्यक्ष | श्री लालु प्रसाद पाण्डे | [signature] |
| ४. | २.नं. वडा अध्यक्ष | श्री रेशम राज न्यौपाने | [signature] |
| ५. | ३.नं. वडा अध्यक्ष | श्री रुप बहादुर श्रीस | — |
| ६. | ४.नं. वडा अध्यक्ष | श्री होम बहादुर थापा | [signature] |
| ७. | ५.नं. वडा अध्यक्ष | श्री दान बहादुर राना | — |
| ८. | ६.नं. वडा अध्यक्ष | श्री पूर्ण बहादुर थापा | [signature] |
| ९. | ७.नं. वडा अध्यक्ष | श्री घनश्याम थापा | [signature] |
| १०. | कार्यपालिका सदस्य | श्री केशरी तिमिल्सीना पाण्डेय | [signature] |
| ११. | कार्यपालिका सदस्य | श्री गुनुमाया विश्वकर्मा | [signature] |
| १२. | कार्यपालिका सदस्य | श्री मेनुका न्यौपाने | [signature] |
| १३. | कार्यपालिका सदस्य | श्री सीता कुमारी थापा | [signature] |
| १४. | कार्यपालिका सदस्य | श्री अमर बहादुर विश्वकर्मा | [signature] |
| १५. | कार्यपालिका सदस्य | श्री मिना परियार | — |
| १६. | प्रमुख प्रशासकीय अधिकृत | श्री नरेश गिरी | [signature] |
| १७ | योजना शाखा प्रमुख | श्री चोक बहादुर श्रीस | [signature] |
| १८ | लेखा शाखा प्रमुख | श्री होबनाथ पौडेल | [signature] |
| १९ | आलेप | श्री गोविन्द कार्की | [signature] |
| २० | कम्प्यूटर अपरेटर | श्री ऋषिराम राना | [signature] |
| २१ | इन्जिनियर | रुद्र नारायण राय | [signature] |
| २२ | शिक्षा शाखा प्रमुख | आशिष पन्थली | [signature] |

Scanned with CamScanner

**निर्णयहरु:**

१. विपन्न/अपांगता भएका नागरिकहरुको लागि शौचालय सहयोग अनुदान कार्यविधि २०८१ स्वीकृत गर्ने।

२. व्यवसाय दर्ता तथा नवीकरण सम्बन्धी कार्यविधि २०८१ स्वीकृत गर्ने।

३. शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम अन्तर्गत पुस्तकालय व्यवस्थापन, विज्ञान प्रयोगशाला तथा ICT Lab संचालनका लागि प्रस्तावना आह्वान गरिएकोमा रितपुर्वक पेश हुन आएको प्रस्तावहरु छनौट गरी छनौट तथा सिफारिस समितिले प्राप्त प्रस्तावना उपर छलफल गर्दा विद्यार्थी संख्या ६४ रहेका र यसभन्दा अगाडी उक्त कार्यक्रम नपरेकोहुँदा उक्त हिमालय आ.वि. भुर्तुङ्ग झिरवासलाई ICT ल्याब संचालन अनुदान प्रदान गर्ने।

४. यस कालिगण्डकी गाउँपालिकाकोमाध्यमिक तहमा अंग्रेजीगणित र विज्ञान विषयको शिक्षण सहयोग , अनुदान कोटा बाँकी रहेकोले उक्त कोटालाई तपसिलका आधारभूत विद्यालयमा वितरण गर्ने र गाउँपालिका अनुदानमा कार्यरत योग्यता पुगेका शिक्षकहरुलाई पदस्थापना गर्ने निर्णय गरियो।

तपसिल

| क्र.सं. | विद्यालयको नाम र ठेगाना | थप कोटा संख्या | कै. |
|---|---|---|---|
| १. | नेरा देवलपुर आ.वि. हर्मिचौर | १ | |
| २. | लितुङ मंगलस्थान आ.वि. फोक्सिङ्ग | १ | |
| ३. | तुङ्ग तोलाकोट आ.वि. खड्गकोट | १ | |
| ४. | प्रारम्भिक आ.वि. भुर्तुङ्ग | १ | |
| ५. | हिमालय आ.वि. भुर्तुङ्ग | १ | |

५. जनज्योती आ.वि. अर्वेनीका शिक्षक करुणाकर झाको सरुवा पछी रिक्त रहेको प्रा.वि. दरबन्दीको कोटा हिमालय आ.वी. भुर्तुङ्गमा मिलान गर्ने र उक्त पदमा तहाँ विद्यालयमा प्रा.वि. तहमा कार्यरत डोल बहादुर पुनलाई पदस्थान गर्ने।

६. कालिगण्डकी गाउँपालिकाको गाउँ शिक्षा योजना निर्माण गर्ने र योजना निर्माण समिति तपसिल अनुसार गठन गर्ने।

| क्र.सं. | पद | नामथर |
|---|---|---|
| १. | संयोजक | घनश्याम थापा, कार्यपालिका सदस्य एवं शिक्षा समिति संयोजक |
| २. | सदस्य | किसन सिंजाली, शिक्षक, जिबनोद्धार मा.वि |
| ३. | सदस्य | गणेशराज पाध्या, शिक्षक, |
| ४. | सदस्य | रमेश न्यौपाने, शिक्षक, भगवती मा.वि अर्वेनी |
| ५. | सदस्य | प्रह्लाद सहनी, शिक्षक, दुर्गाभवन मा.वि भुर्तुङ |
| ६. | सदस्य | नर बहादुर नेपाली, शिक्षक, |
| ७. | सदस्य | देवीदत्त ढकाल, शिक्षक, |
| ८. | सदस्य | आशारानी श्रीस, शिक्षक, |
| ९. | सदस्य-सचिव | अग्निधर पराजुली, शिक्षा शाखा प्रमुख |

वेद बहादुर थापा
अध्यक्ष

Scanned with CamScanner

७. राष्ट्रपति रिनङ्ग शिल्ड २०८१ जीवनोद्धार मा.वि. पुर्तिघाटमा मिति २०८१ पौष २, ३ र ४ गते संचालन गर्ने।

८. हेफर प्रोजेक्ट नेपाल सँगको साझेदारीमा संचालित कालिगण्डकी कृषि तथा पशु उद्यमशिलता परियोजना कार्यन्वयनका लागि चालु आर्थिक वर्षमा बजेट विनियोजन नभएको हुँदा हेफरप्रोजेक्ट नेपालसँग भएको सम्झौता रद्द गरी सोको जानकारी उक्त हेफर प्रोजेक्ट नेपाललाई दिने।

९. अर्वेनी वडा कार्यालय निर्माणको लागि DPR तथा लागत अनुमान तयार गर्दा रु.३८९०८७०७.५९ को लागत अनुमान तयार भै स्वीकृत भएको र तत्काल १ तले भवन निर्माणको लागि रु.१,२६,३५६९१।५४ को ठेक्का बन्दोवस्त गर्नुपर्ने देखिएको तर चालु आर्थिक वर्षमा १ करोड मात्र बजेट विनियोजन भएको हुँदा आगामी वर्षको बजेटबाट भुक्तानी तथा सम्पन्न गर्ने गरी ठेक्का आह्वान गर्ने ।

१०. देहायका संरचनाहरु विभिन्न समयमा भएको विपद्को कारण क्षतिग्रस्त भएका हुँदा प्राविधिक लागत अनुमान अनुसार विपद् व्यवस्थापन कोषबाट भुक्तानी हुने गरी पुनर्निर्माण गर्ने।

१. भगवति मा.वि. अर्वेनीको कम्पाउण्ड वाल निर्माण कालिगण्डकी-२,अर्बेनी गुल्मी।

२. छ सय कुलो निर्माण कालिगंण्डकी-१,हर्मिचौर गुल्मी।

११. यस कालिगण्डकी गाउँपालिकामा उत्पादन हुने कवाडिजन्य वस्तु निकासिका लागि प्रथम पटक सूचना प्रकाशन गरिएकोमा कुनै पनि फर्मले ठेक्का पेश नगरेको हुँदा दोस्रो पटकको लागि सूचना आह्वान गर्ने।

१२. रेसुङ्गा रुरु इन्जिनियरिङ एण्ड कन्ट्रक्सन प्रा.लि. कालिगण्डकी ४ गुल्मीले घ वर्गको इजाजतको लागि आवश्यक कागजातहरु सहित निवेदन पेश गरेको हुँदा । कालिगण्डकी गाउँपालिकाको घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७४ बमोजिम इजाजतपत्र प्रदान गर्ने।

१३. विविध।

१. कालिगण्डकी गाउँपालिका वडा नं ७ निवासी गगन परियारको जीप दुर्घटनामा परि टाउँकोको उपचारत रहेकोले निजको उपचारको लागि रु. २५००० रुपैपा विपन्न नागरिक स्वास्थ्य उपचार सहायता शीर्षकबाट भुक्तानी गर्ने।

२. कालिगण्डकी गाउँपालिका वडा नं १ का नरेन्द्र पाण्डेको गोठ पुनर्निर्माणको लागि रु. ३० हजार अनुदान उपलब्ध गराउने।

३. कालिगण्डकी गाउँपालिका वडा नं ४ निवसी हरिकला दमैको शौचालय निर्माणका लागि विपन्न नागरिक/ फरक क्षमता भएका नागरिकका लागि शौचालय निर्माण अनुदान कार्यविधि २०८१ बमोजिम २० हजार अनुदान उपलब्ध गराउने

४. गुल्मी जिल्ला मदाने गाउँपालिका वडा नं १ अग्लुङ निवासी राष्ट्रिय कलाकार रामचन्द्र चन्दको स्वास्थ्य उपचारको लागि रु. २० हजार आर्थिक सहयोग गर्ने।

१४. गाउँपालिकाको चालु आ.व.मा नेपाल रेडक्रस सोसाइटी/GWT संगको साझेदारीको लागि म्याचिङ फण्ड शीर्षकबाट देहायका योजनाहरु संचालनका लागि नेपाल रेडक्रस सोसाइटी सँगको लागत साझेदारीमा योजना संचालन गर्न भएको त्रिपक्षिय सम्झौता अनुमोदन गर्ने।

१. साजनकोट खस्कोट खानेपानी

वेद बहादुर थापा
अध्यक्ष

Scanned with CamScanner

२. जनकल्याण मा.वि. लाई ३ तारे विद्यालय घोषणा
३. अर्वेनी वडा भवनमा ट्रस्ट निर्माण
४. हर्मीचौर स्वास्थ्य चौकी भवन मर्मत

१५. कालिगण्डकी गाउँपालिकाको नजिकमा रहेको बाग्लुङ जैमिनी नगरपालिका बेलबगरमा संचालन भएको ऐतिहासिक एकादशी मेला र कालिगण्डकी-४, पूर्तिघाटमा सम्पन्न भएको द्वादसी मेलाको लागि रु. १० हजारका दरले सहयोग गर्ने।

१६. मातृ तथा पेरिनेटल मृत्यु निगरानी तथा प्रतिकार्यको लागी देहायको पालिका स्तरीय समिति गठन गर्ने।

१. उपाध्यक्ष मन्जुकुमारी दर्लामी-अध्यक्ष
२. प्रमुख प्रशासकीय अधिकृत नरेश गिरी-सदस्य
३. वडा अध्यक्ष होम बहादुर थापा – सदस्य
४. महिला तथा बालबालिका शाखा प्रतिनिधि सरस्वती पुन – सदस्य
५. स्वास्थ्य शाखा प्रमुख चन्द्र बहादुर थापा- सदस्य
६. स्वास्थ्य कर्मी निर्मला लामिछाने- सदस्य सचिव

१७. धुवाँखोला खानेपानी तथा सरसफाई उपभोक्ता समिति कालिगण्डकी-४, गुल्मीले उपभोक्ता समिति दर्ताको लागि आवश्यक कागजातहरु सहित निवेदन पेश गरेको हुँदा, दर्ता प्रमाण पत्र प्रदान गर्ने।

१८. संघीय आयोजना कार्यान्वयन इकाई रुपन्देहीबाट आ.व.२०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत यस कालिगण्डकी गाउँपालिका वडा नं.६ तोलाकोटमा इमर्जेन्सी सेन्टर श्री तुङ्गतोलाकोटको जग्गामा निर्माण गर्ने र इमजेन्सी सेन्टर श्री तुङ्गतोलाकोटको जग्गामा रहेता पनि निर्माण कार्य सम्पन्न भए पश्चात सो इमजेन्सी सेन्टरको भवन गाउँपालिकाको स्वामित्व हुने, साथै संचालन, मर्मत सम्भार, रेखदेख र नियमन कालिगण्डकी गाउँपालिका गाउँ कार्यपालिकाको रहने गरी निर्माण कार्य अगाडी बढाउने।

१९. सडक बोर्डको योजना छनौट अन्तरगत स्थानीय सडक मर्मत सम्भार कार्यको लागि वडा नं ४ प्राथमिकता नं १ कोड नं 50401C013 पुर्तिघाट जोखुम रानीखर्क चालिसे केराबारी चैया खानीगाउँ देउराली सडक लाई योजना छनौट गरि कार्य संचालन गर्ने र सोको लागि गाउँपालिकाले व्यहोर्ने पर्ने समपुरक रकम गाउँपालिका कार्यालयले उपलब्ध गराउने।

२०. कालिगण्डकी गाउँपालिका वडा नं. ६ खड्गकोटको लेगा देखि बाग्लुङ्ग जिल्ला जैमिनि नगरपालिका वडा नं. ८ वईनकुना जोड्ने झुलुङ्गे पुल निर्माणको लागि पूर्वाधार विकास कार्यालय ललितपुरमा बजेट माग गर्ने।

वेद बहादुर थापा
अध्यक्ष

Scanned with CamScanner